नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वनस्पति विभाग, थापाथली काठमाडौं
## जडीबुटी विकासका लागि अनुदान प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशन भएको मिति: २०७६।०५।०२**

वन तथा वातावरण मन्त्रालय, वनस्पति विभाग, थापाथली, काठमाडौंद्वारा आ.ब. २०७६/७७ को जडीबुटी अनुदान कार्यक्रमको लागि अनुदानको क्षेत्र (क),(ख),(ग) र (घ) मा रहेर जडीबुटीमा आधारित कार्यक्रम संचालन गर्न इच्छुक ७७ जिल्लाका समूह/सहकारीले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी सूचनामा उल्लेख भएको कार्यालयमा निवेदन सहित विस्तृत आयोजना प्रस्तावपत्र ईमेल, पत्राचार मार्फत वा स्वयं उपस्थित भई पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| अनुदानको क्षेत्र | अनुदानको कार्यक्रम | कुल लागत बढीमा | साझेदारीको अंश | | योग्य आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | विभागले उपलब्ध गराउने अंश | सहकारी/समूहले व्यहोर्नुपर्ने अंश | | |
| (क) नर्सरी निर्माण | (अ) नमुना नर्सरी | प्रति एकाई रु.३० लाख | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | विस्तृत विवरणको लागि जडीबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यविधि,२०७५ यस विभागको वेबसाइट (www.dpr.gov.np) बाट डाउनलोड गर्न सकिने। |
| | (आ) साना नर्सरी | प्रति एकाई रु.७.५ लाख | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |
| (ख)व्यावसायिक खेती कार्य | (अ) रुख प्रजातिका जडीबुटीहरु | (प्रति बिरुवा ६०/-) प्रति हेक्टर रु. २४ हजार | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |
| | (आ) बुट्यान प्रजातिका जडीबुटीहरु | (प्रति बिरुवा ४०/-) प्रति हेक्टर रु. ६४ हजार | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |
| | (इ) झार प्रजातिका जडीबुटीहरु | (प्रति बिरुवा१०/-) प्रति हेक्टर रु. १ लाख | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |
| (ग)बाली संकलन पछिको व्यवस्थापन कार्य | (अ) जडीबुटी सुकाउने स्थल | प्रति एकाई रु. ५ लाख | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |
| | (आ) भण्डारण गृह | प्रति एकाई रु.१० लाख | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |
| (घ) प्रशोधन तथा मूल्य अभिवृद्धि कार्य | (अ) प्रशोधन इकाई | प्रति एकाई रु. ३० लाख | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |
| | (इ) बजार प्रवर्द्धन तथा बजार सुनिश्चिता | रु. २ लाख | ५० प्रतिशत | ५० प्रतिशत | सहकारी/समूह | |

**<u>नोट</u>: थप जानकारीको लागि वनस्पति विभाग, थापाथली, काठमाडौं फोन नं. ४२१९०६२,४२५११६०, तथा ईमेल: planning.dpr@gmail.com मा सम्पर्क राख्नुहुन अनुरोध छ ।**

**प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. आधिकारिक निकायमा दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।
२. प्रस्तावपत्र तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ । प्रस्तावपत्र विभागको वेबसाइट (www.dpr.gov.np) बाट डाउनलोड गर्न सकिनेछ ।
३. प्रस्तावपत्र पेश गर्ने समूहको पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि १ प्रति ।
४. सहकारी संस्थाको हकमा विधान १ प्रति ।

**प्रस्ताव बुझाउन सक्ने कार्यालयहरु:**

१. वनस्पति विभाग, थापाथली, काठमाडौं, ४२१९०६२,४२५११६०
२. वनस्पति अनुसन्धान केन्द्रहरू: ईलाम, धनुषा, मकवानपुर, बाँके, सल्यान, जुम्ला, कैलाली र सम्पर्क कार्यालय पोखरा

**अन्य शर्तहरु:**

१.प्रस्ताव पेश गर्दा कार्यविधिको अनुसूची-२वमोजिम छनौट गरिएका प्रजातिहरुमा कार्य गर्ने गरी पेश गर्नुनेछ ।
२. कुनै एक क्षेत्रमा मात्र अनुदान रकम प्रदान गरिनेछ ।
३. विधानमा प्रष्ट रूपमा "जडीबुटी सम्बन्धी कार्य गर्ने" उल्लेख गरिएको सहकारीले अनुदान प्रस्ताव पेश गर्न सक्नेछन् ।